# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, असोज २५ गते २०५३ साल ( अतिरिक्ताङ्क ३५ (ग)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय आपूर्ति मन्त्री श्री गजेन्द्रनारायण सिंह तीर्थ यात्रा गर्ने सिलसिलामा २०५३ साल असोज २६ गते भारत तर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानून तथा न्याय मन्त्री श्री भीमबहादुर तामाङले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री प्रकाशमान सिंह विश्व संरक्षण संगठनमा भाग लिने सिलसिलामा २०५३ साल असोज २५ गते क्यानाडाको मण्ट्रियलतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सामान्य प्रशासन मन्त्री श्री विमलेन्द्र निधिले सम्हाल्नु हुनेछ ।

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय युवा, खेलकूद तथा संस्कृति मन्त्री श्री बलबहादुर के. सी. अवलोकन भ्रमणका सिलसिलामा २०५३ साल असोज २५ गते थाइलैण्डतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सामान्य प्रशासन मन्त्री श्री विमलेन्द्र निधिले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।